# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२८**

प्रस्तुत विषयमा यस गाउँपालिकाको निर्णय अनुसार आ.व २०७७/०७८ को लागि माण्डवी गाउँपालिका वडा नं. २ मा संचालित स्मार्ट कृषि कार्यक्रमका लागि तपशिलको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक, योग्य, दक्ष नेपाली नागरिकहरु बाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपशिल**

**१. पदको विवरण**

| क्र स. | बिज्ञापन नं . | पद | माग गरिएको पद संख्या | परिक्षा दस्तुर(.रु) |
|---|---|---|---|---|
| ०१ | १३/०७७/७८ | कृषि प्राविधिक (सहजकर्ता) | १ | ५००/- |

**२ सहजकर्ता छनौटका न्यूनतम मापदण्डहरु**

क) कृषि विषयमा न्यूनतम एस.ई.ई. वा सो सरहको उतिर्ण गरेको हुनुपर्नेछ र कृषि बाली विज्ञान विषय अध्ययन गरेको तथा तालिम लिएका अनुभबीलाई बिशेष प्राथमिकता दिईने छ ।

ख) एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

ग)सम्बन्धित कार्यालय प्रति सहजकर्ता उत्तरदायी हुनुपर्नेछ ।

घ) कम्प्यूटर सम्बन्धि ज्ञान/सिप भएको र मोटरसाईकल चालक अनुमति पत्र भएकालाई विशेष प्राथिमिकता दिईने छ ।

ङ) स्थानीय तथा महिलालाई विशेष प्राथमिकता दिईने छ ।

च) सहजकर्ताको पारिश्रमिक/सेवा सुविधा आपसी समझदारीमा कायम गरिने छ ।

**३. आवश्यक कागजात** (क) -नेपाली नागरिकताको प्रमाण पत्र ख) हालसालै खिचिएको दुवै कान देखिने पासपोर्टसाइजको ३ प्रति फोटो (ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरु घ)अनुभवका प्रमाणपत्रहरु ङ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू २ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्न सकिनेछ ।

**४. परिक्षाको किसिमः** अन्तरवार्ता ।

**५. दरखास्त दिने अन्तिम मितिः** २०७७/०८/१२ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

**६.सम्पर्क मिति :** २०७७/०८/१४ गते, परिक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ ।

**७. करार अवधि :**२०७७ पौष मसान्त सम्म ।

**८.थप जानकारीको लागि सम्पर्क नं :**.९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत